# गंगादेव गाउँपालिका स्तरीय वार्षिक परीक्षा २०८२

कक्षा : ८ | विषय : नेपाली | पूर्णाङ्क : ५०
समय : २ घण्टा | उत्तीर्णाङ्क : १७.५

*विद्यार्थीले उत्तर दिँदा सिर्जनात्मक र मौलिक तरिकाले दिनुपर्ने छ ।*

१. दिइएका अर्थसँग मिल्ने शब्द खाली ठाउँमा लेख्नुहोस् : (२)
अत्याधुनिक, दायीत्व, आधुनिक, बिउ, सिर्जनामुखी
(क) रोप्न वा छर्न राखिएको अन्न आदिका गेडा ..................
(ख) आफूले पूरा गर्नुपर्ने जिम्मेवारी ................
(ग) आधुनिक बनाउने काम वा प्रक्रिया ................
(घ) सृजनालाई प्राथमिकता दिने ................

**२. खाली ठाउँमा मिल्दो शब्द राखी वाक्य पूरा गर्नुहोस् : (२)**
(क) 'उद्गम' को उस्तै अर्थ दिने शब्द ........ होइन । (उपेक्षा, उत्पत्ति, उत्पादन)
(ख) 'स्मृती' को उल्टो अर्थ दिने शब्द ........ हो । (विस्मृती, सम्झनु, थाहा पाउनु)
(ग) 'अवगत' शब्दको अर्थ ............ होइन । (थाहा पाएको, थाहा नपाएको, सम्झेको)
(घ) 'खटिया' शब्दको अर्थ ............ हो । (ठूलो खाट, काममा खटेको, सानो खाट)

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् : (२)**
गुरुआमा, समतामूलक, अनिकाल, सम्मान

४. शुद्ध शब्द छानेर लेख्नुहोस् : (१)
(अ) उर्वर, उरबेर, उरवर, उवर
(आ) टूलूटूलु, टूलुटूलु, टुलूटुलु, टुलुटुलु
(इ) प्रतिबदता, प्रतिवद्धता, प्रतिबद्धता, प्रतीबद्धता
(ई) शीस्ट, शिष्ट, सिष्ट, सीस्ट

**५. दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : (२)**
'सविधान मूलुकको सर्वोच्च कनून हो' भन्ने कुरा मैले राम्ररि बुझेको छु ।

**६. रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् : (२)**
हामी <u>नेपाली</u> विभिन्न धर्म, संस्कृति <u>र</u> साँस्कृतिक परम्पराले भरिपूर्ण <u>सुन्दर</u> देशका जनता <u>हौं</u> ।

**७. दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नुहोस् : (२)**
(क) तमी मामाघर ...................... । (जा् : आज्ञात भूत)
(ख) तपाई कहाँ ................................ । (बस् : अभ्यस्त भूत)
(ग) हामी वनभोज ................ । (जा् : पूर्ण भविष्यत)
(घ) म काम ...................। (गर् : अपूर्ण वर्तमान)

**८. दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् : (३)**
(क) हामी असल विद्यार्थी हौं । (एकवचन)
(ख) म विद्यालय जान्छु । (तृतीय पुरुष)
(ग) मेरो भाइ विद्यालय गयो । (स्त्रिलिङ्ग)

**९. दिइएको अनुच्छेद पढी उत्तर लेख्नुहोस् : (३)**
नेपाल प्राकृतिक दृष्टिकोणले सम्पन्न मूलुक हो । हावापानी, उचाई र धरातलीय विविधताले यहाँ प्राकृतिक विविधता सिर्जना गरेको छ । यसलाई जैविक विविधता पनि भनिन्छ । आजभोलि संसारभरका मुलुक जैविक विविधताको मामिलामा सचेत देखिन थालेका छन् । जैविक विविधताका विभिन्न पक्षमध्ये हाम्रो देशमा रहेका महत्वपूर्ण र दुर्लभ जडिबुटी पनि पर्छन् । चाँप, जटामसी, सर्पगन्धा, लोठसल्ला, पाँचऔंले, यार्चागुम्बा आदि बोटविरुवा एवम् जडिबुटी हाम्रा बहुमुल्य सम्पत्ति हुन् । नेपालमा ६०० मिटरको उचाईदेखी १५०० मिटरको उचाई सम्म पाईने चाँपको बोट ३० मिटर सम्म अग्लो हुन्छ । चापको फुलबाट बनाईने तेल आँखा र वाथ रोगका निम्ति उपयोगी हुन्छ, भने फुल, फल शक्तिवर्धक औषधिका रुपमा पनि प्रयोग हुन्छ । ३००० देखी ५००० मिटरको उचाईमा पाईने सानो सुगन्धित बिरुवा जटामसी पनि अत्यन्त महत्वपूर्ण जडिबुटी हो । यो जडिबुटी छारे रोग र मुटुरोग आदिका निम्ति औषधिका रुपमा प्रयोग गरिन्छ ।

<u>प्रश्नहरु</u>
(क) जैविक विविधता भनेको के हो ?
(ख) हाम्रो देशमा पाईने बहुमूल्य जडिबुटीहरु के-के हुन् ?
(ग) चाँपको फुलबाट बनेको तेल कुन रोगका लगि उपयोगी हुन्छ ?

**१०. दिइएको कविताशं पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)**
अग्लो बोट बनेर बढ्छ बिरुवा पर्याप्त पानी परे
फल्ला उद्यमशीलता समयमै राम्रो लगानी गरे
सग्लो स्वस्थ बनाउने सुर कसी पानी लगानी गरी
चम्काऊँ लटरम्म फुलफलले अस्तित्वको माधुरी ।

<u>प्रश्नहरु</u>
(क) बोट अग्लो बनाएर फलाउन के गर्नुपर्छ ?
(ख) उद्यमशीलता भनेको के हो ?
(ग) यो कविताशंको आशय लेख्नुहोस् ?
(घ) 'पर्याप्त' र 'माधुरी' शब्दको अर्थ लेख्नुहोस ।

**११. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिपोट गरी सारांश लेख्नुहोस् : (४)**

नेपाल लोकसाहित्यमा धनी मुलुक हो । लोकसाहित्यका विविध विद्यामध्ये लोकगीत पनि एक हो । चाडपर्व, मेलापात, घाँसदाउरा, ढिकीजाँतो गर्दा गाईने लोकभाका नै लोकगीत हो । लोकगीत लोकलयमा आधारित हुन्छ । सवाई, असारे, तीज, भैलो, मारुनी, झ्याउरे र सेलो आदि लोकलयका उदाहरण हुन् । संस्कृति, परम्परा, भाषा, भूगोल, जातजाती, जीवनशैली लगाएत पक्षलाई लोकलयको आधार मानिन्छ । लोकलयले नेपाली जनजिवनलाई जीवन्त बनाएको छ । नेपाली परम्परालाई चिनाएको छ । लोकलयको आफ्नै मौलिक संरचना हुन्छ । यही संरचनाले नै लय वा भाका निर्धारण गरेको हुन्छ ।

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :**

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् : (३)**

**नाम** : स्वामी प्रपन्नाचार्य

**जन्म मिति** : बि.सं. १९८० असोज ३ गते

**जन्मस्थान** : पूर्वी नेपालको पाँचथर जिल्ला

**माता/पिता** : दिलमाया/धर्मदास राई

**शिक्षा** :

- संस्कृत विश्वविद्यालयबाट आचार्य तह उत्तीर्ण
- वेदान्त विषयमा विद्यावारिधि

**योगदान** :

- सम्मार्ग दर्शन २०३३, प्राचीन हिन्दु विज्ञान २०३६, वेदमा के छ ? २०३७ काले राईका क्वाटी कविता २०५०, प्राचीन किराँत इतिहास २०५१, मानव अधिकार हनन् के हो ? २०५१, सङ्क्षेपमा मेरो जीवनयात्रा २०५९ जस्ता उल्लेख्य कृतिहरु लेखेका
- आजीवन लोक हितमा सर्मपित
- जीवनलाई समातामूलक बनाउनेमा जोड

**सम्मान** :

- आदिकवी भनुभक्त, गुणराज, पाणिनी, शङ्कराचार्य अदि विशिष्ट पुरस्कार प्राप्त
- राजपरिषद स्थाइ समितिम मनोनीत
- नेपाल सँस्कृत विश्वविद्यालयद्धारा महाविद्यावारिधिको मानार्थ उपाधिबाट विभूषित

**(ख) आफू बिरामी परेको कुरा दर्शाउदै दश दिनको बिदा मागी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई लेखिने निवेदनको ढाँचा तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (३)**

(क) आफू बनभोज कार्यक्रममा जाँदा साथिसँग गरेका कुराकानी समेट्दै छोटो सम्बाद तयार पार्नुहोस् ।

(ख) देशविकासको महाअभियानमा थप टेवा पुग्ने जनचेतनामूलक सामग्रीहरु प्रकाशन गर्न आग्रहका गर्दै गोरखापत्र राष्ट्रिय दैनिकका सम्पादकलाई चिठी लेख्नुहोस् ।

**१४. कुनै एकको व्याख्या गर्नुहोस् : (३)**

(क) हामीले खाने प्रत्येक गाँसमा रगत छ सहिदको
हामीले फर्ने प्रत्येक सासमा रगत छ सहिदको
हाम्रो मुटुको प्रत्येक चालमा धड्कन छ सहिदको
हाम्रो खुसीको प्रत्येक पलमा जीवन छ सहिदको ॥

(ख) फर्क आफ्नै देश कवितामा नेपाली युवालाई किन स्वदेश फर्किन आह्वान गरिएको छ, व्याख्या गर्नुहोस् ।

**१५. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् : (४)**

हरेक मानिसका लागि भ्रमण वा पदयात्रा अध्ययन, मनोरञ्जन तथा रुचीको विषय हो । यसबाट मानिसले आनन्दको अनुभूती गर्नुका साथै नयाँ नयाँ किसिमका ज्ञान पाउँछ । भ्रमणका दृष्टिले नेपाल विश्वकै लोकप्रिय गन्तब्य मुलुक पनि हो । यहाँ हिमाल, पहाड, र तराईका सबैजसो क्षेत्र भ्रमणयोग्य रहेका छन् । जो जहाँ पुगेपनि पर्यटकहरुले नेपालको प्राकृतिक सौन्द्रर्य, यहाँका नदीनाला, मिहशिखर, धर्म सँस्कृति आदिको नौलोपन देखेर मक्ख पर्छन् र केही न केही नयाँ कुरा सिक्न सक्छन् ।

**प्रश्नहरु**

(अ) मानिसले भ्रमण किन गर्दछ ?

(आ) के कस्ता कारणले गर्दा नेपाल विश्वकै लोकप्रिय गन्तब्यको रुपमा रहेको छ ?

(इ) के के कुराहरुले पर्यटकलाई विश्वका अन्य मुलुक भन्दा नौलोपनको आभाष हुन्छ ?

(ई) **'अनुभूती'** र **'सौन्द्रर्य'** शब्दको अर्थ लेख्नुहोस् ?

**१६. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : (५)**

**(क) विदेशमा उच्च माग हुने घरेलु उत्पादनलाई औद्योगिक उत्पादनमा कसरी रुपान्तरण गर्न सकिन्छ, वैदेशिक ब्यापार पाठका आधारमा आफ्ना तर्कहरु प्रस्तुत गर्नुहोस् ।**

**(ख) "डल्ले खोला" कथाका आधारमा रणबहादुर र हाकिम पात्रको चारित्रिक विशेषताको तुलना गर्नुहोस् ।**

**१७. कुनै एक शीर्षकमा १३० शब्द नघटाई निबन्ध लेख्नुहोस् : (५)**

(क) मेरो जिवनको लक्ष्य

(ख) हामी र हाम्रो समाज

(ग) नेपालको प्राकृतिक सौन्द्रर्यता

**समाप्त**